# धनगढी उप महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी, कैलाली

## बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०।०५।१९

ठेक्का नम्बर: 24/DSMC/2080/081

धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको लागी चालु आ.ब.२०८०।०८१ मा यस नगरपालिका अन्तरगत संचालित सामुदायिक विधालयहरुमा अध्ययनरत छात्राहरु लाई निशुल्क स्यानेटरी प्याड वितरण गर्न विधुतीय खरिद प्रणाली e-GP को माध्यमबाट खरिद प्रक्रिया अगाढी बढाउनु पर्ने भएको हुँदा ईजाजत प्राप्त ईच्छुक योग्य फर्महरुले फर्म दर्ताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आर्थिक वर्ष २०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखि निम्न शर्तहरुको अधिनमा रहि रीतपूर्वक बोलपत्र बिधुतिय माध्यम बाट पेश गर्न आह्वान गरिन्छ।

**शर्तहरु**

१. योग्यता पुगेका फर्म/ कम्पनीहरुले मिति २०८०/०६/१८ गतेका दिन दिउसो १२:०० बजे भित्र रु. ३,०००/- दस्तुर (फिर्ता नहुने) रास्ट्रिय बाणिज्य बैंक , धनगढी शाखा, धनगढी मा रहेको खाता नं. ४१७०१००३०१०१०००२ (आन्तरिक राजस्व खाता) मा नगद जम्मा गरेको बैक भौचर सहित विधुतीय खरिद प्रणाली e-GP मार्फत पेश गर्नुपर्नेछ ।

२. अनलाइन प्रणालीमा दर्ता भएका बोलपत्र सोही दिनको १२:३० बजे बोलपत्रदाताहरु वा निजका आधिकारिक प्रतिनिधीहरुको रोहेबरमा उप- महानगरपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजका आधिकारिक प्रतिनिधीहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. बोलपत्र दर्ता गर्ने अन्तिम दिन र खोल्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा सोको भोली पल्ट कार्यालय खुल्ने दिन सो कार्य क्रमश हुनेछ।

४. बोलपत्र साथ जमानत बाफत रु. २,००,०००/- (दुइ लाख मात्र) रकम यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैक लि., धनगढी शाखा मा रहेको खाता नं. ४१७०१००३०३००००००२ धरौटी खातामा नगद जम्मा गरेको बैक भौचर वा यस नगारपालिकाको नाममा जारी गरेको कम्तीमा १२० ( एक सय विस ) दिन म्याद भएको नेपाल सरकार बाट मान्यता प्राप्त बाणिज्य बैकको बैक जमानत पेश गर्नु पर्नेछ।

५. सम्पुर्ण करहरु बोलपत्रदताले नै ब्यहोर्नु पर्ने छ। कुनै पनि कर बाफत तिरेको रकमको यस कार्यालय बाट शोधभर्ना हुने छैन।

६. प्रत्येक बोलपत्रदाताले बोलपत्र फाराममा उल्लेखित शर्तको पुर्णरुपले पालना गर्नुपर्ने छ।

७. आपूर्ति गरिने सेनीटरी प्याडहरुको Biodegradability or Composability आवश्यकता- ६ महिना भित्रमा कम्तिमा ९०% Degrade भएको हुनुपर्नेछ।

८. आपुर्ती गरिने सेनिटरी प्याडहरुको म्याद गुज्रने अबधी कम्तीमा १८(अठार ) महिना बाँकी भएको हुनुपर्ने छ।

९. रीत नपुगेको, म्याद नाघी आएको र कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको बोलपत्र माथी कुनै किसिमको कारबाही गरिने छैन।

१०. बोलपत्र पुर्णरुपमा वा आंसिक रुपमा स्विकृत गर्ने वा बदर गर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ।

११. बोलपत्रदाताले आपूर्ति गर्ने सम्पूर्ण प्याडहरु NS or IS or ISO Certified कम्पनीहरु बाट उत्पादित सामग्री मात्र खरिद आपूर्ति गर्नु पर्नेछ। साथै बोलपत्रदाताले बोलपत्र फारममा स्यानेटरी प्याडको NS or IS or ISO Certified कम्पनीको नाम अनिवार्य उल्लेख गर्नु पर्नेछ। कम्पनी उल्लेख नभएको वा आंशिक उल्लेख भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१२. आपूर्ति हुने समानको प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति , Expiry Date, व्याच नम्वर तथा **"Supply for Dhangadhi Sub Metropolitan City Office , Dhangadhi, Kailali Nepal"** वा **"धनगढी उप महानगरपालिकाबाट छात्राहरुलाई निशुल्क वितरणका लागि"** भनि स्पष्ट उल्लेख भएको हुनु पर्ने छ।

१३. माग गरिएका स्यानेटरी प्याडहरु एकमुष्ट उपलब्ध गराउनु पर्ने छ।

१४. बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस उप- महानगरपालिकामा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिने छ।

१५. यस सुचनामा उललेख हुन छुट भएका कुराहरु आर्थिक कार्यबिधी ऐन २०६४ तथा आर्थिक कार्यबिधी नियमावली २०६४ र सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावली २०६४ संसोधन बमोजिम हुनेछ।

..............................

प्रमुख प्रशासकिय अधिकृत

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

CamScanner